## सर्वोच्च अदालत

## प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा १३८ बमोजिम सर्वोच्च अदालतले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीसमक्ष सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश श्री सुशिला कार्कीले सर्वोच्च अदालतको आर्थिक वर्ष २०७२।०७३ को वार्षिक प्रतिवेदन आज मिति २०७३।१२।०७ मा प्रस्तुत गर्नुभयो । प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०७२।०७३ मा सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालत, विशेष अदालत, राजश्व न्यायाधिकरणहरू, श्रम अदालत र वैदेशिक रोजगार न्यायाधिकरणबाट भएका न्याय सम्पादन तथा अन्य व्यवस्थापकिय कार्यसम्बन्धी मुख्य मुख्य विवरण र न्यायपालिकाका समसामयिक चुनौती र सुझावहरु उल्लेख गरिएको छ । प्रतिवेदनको सार सङ्क्षेप यस प्रकार छः

### १. मुद्दा फछ्र्यौटतर्फ

### १.१ देशभरिको समग्र स्थिति

सबै अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरिआएका ७९,४०३ (उनासी हजार चारसय तीन) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका १,२७,९५८ (एक लाख सत्ताइस हजार नौ सय अन्ठाउन्न) थान गरी जम्मा मुद्दाको लगत २,०७,३६१ (दुई लाख सात हजार तीन सय एकसठ्ठी) थान रहेकोमा सोमध्ये १,१८,२५१ (एक लाख अठार हजार दुई सय एकाउन्न) अर्थात् ५७.०३ प्रतिशत मुद्दा फछ्र्यौट भई ८९,११० (उनान्नब्बे हजार एक सय दश) थान मुद्दा बाँकी रहन गएको छ । अघिल्लो आर्थिक वर्षमा २,०१,८४४ (दुई लाख एक हजार आठ सय चवालीस) मुद्दाको लगत भएकोमा सोको ६१.४१ प्रतिशत अर्थात् १,२३,९४८ (एक लाख तेइस हजार नौ सय अठ्चालीस) मुद्दा फछ्र्यौट भएको थियो ।

### १.२ सर्वोच्च अदालत

सर्वोच्च अदालतमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका २३,३३४ (तेइस हजार तीन सय चौंतिस) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ११,८३५ (एघार हजार आठ सय पैंतीस) थान गरी जम्मा मुद्दाको लगत ३५,१६९ (पैंतीस हजार एक सय उन्सत्तरी) रहेकोमा सोमध्ये ११,१७५ (एघार हजार एक सय पचहत्तर) थान अर्थात् ३१.७८ प्रतिशत मुद्दा फछ्र्यौट भई २३,९९४ (तेइस

हजार नौ सय चौरानब्बे) थान मुद्दा बाँकी रहन गएको छ। अघिल्लो आर्थिक वर्षमा २८,२७५ (अठ्ठाइस हजार दुई सय पचहत्तर) लगत भएकोमा सोको २२.८० प्रतिशत अर्थात् ६,४४८ (छ हजार चार सय अठ्चालीस) मुद्दा फछ्र्यौट भएको थियो अघिल्लो आर्थिक वर्षको तुलनामा यस वर्ष ८.९८ प्रतिशतले बढी मुद्दा फछ्यौंट भएको छ। प्रति न्यायाधीश मुद्दा फछ्र्यौटको अनुपात अघिल्लो आर्थिक वर्षमा ५३७ (पाँच सय सैंतीस) रहेकोमा यस आर्थिक वर्षमा १,०१६ (एक हजार सोह्र) रहेको छ।

## १.३ पुनरावेदन अदालत (हाल उच्च अदालत)

पुनरावेदन अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १५,४६६ (पन्ध्र हजार चार सय छैसठ्ठी) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएको ३५,४९५ (पैंतीस हजार चार सय पन्चानब्बे) थान गरी मुद्दाको जम्मा लगत ५०,९६१ (पचास हजार नौं सय एकसठ्ठी) थान रहेकोमा ३२,१६१ (बत्तीस हजार एक सय एकसठ्ठी) थान मुद्दा अर्थात् ६३.११ प्रतिशत फछ्र्यौट भई १८,८०० (अठार हजार आठ सय) थान मुद्दा बाँकी रहन गएको छ । अघिल्लो आर्थिक वर्षमा ५५,७८९ (पचपन्न हजार सात सय उनानब्बे) लगत भएकोमा सोको ७२.२८ प्रतिशत अर्थात् ४०,३२३ (चालीस हजार तीन सय तेइस) मुद्दा फछ्र्यौट भएको थियो । प्रति न्यायाधीश मुद्दा फछ्र्यौट अनुपात अघिल्लो आर्थिक वर्षमा ३९१ (तीन सय एकानब्बे) रहेकोमा यस आर्थिक वर्षमा ४०७ (चार सय सात) रहेको छ ।

## १.४ जिल्ला अदालत

जिल्ला अदालतहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ३९,२५१(उनन्चालीस हजार दुई सय एकाउन्न) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ७९,७६२ (उनासी हजार सात सय बैसठ्ठी) थान गरी मुद्दाको जम्मा लगत १,१९,०१३ (एक लाख उन्नाइस हजार तेह्र) थान रहेकोमा ७४,२१३ (चौहत्तर हजार दुई सय तेह्र) थान मुद्दा अर्थात् ६२.३६ प्रतिशत फछ्र्यौट भई ४४,८०० (चवालीस हजार आठ सय) थान मुद्दा बाँकी रहन गएको छ। अघिल्लो आर्थिक वर्षमा १,१४,७९१ (एक लाख चौंध हजार सात सय एकानब्बे) लगत भएकोमा सोको ६५.८१ प्रतिशत अर्थात् ७५,५४० (पचहत्तर हजार पाँच सय चालीस) मुद्दा फछ्र्यौट भएको थियो । प्रति न्यायाधीश मुद्दा फछ्र्यौट अनुपात अघिल्लो आर्थिक वर्षमा ४२२ (चार सय बाइस) रहेकोमा यस आर्थिक वर्षमा ३२२ रहेको छ ।

### १.५ अन्य अदालत तथा न्यायाधिकरणहरू

अन्य अदालत तथा न्यायाधिकरणहरूमा गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १,३५२ (एक हजार तीन सय बाउन्न) थान र यस आर्थिक वर्षमा नयाँ दर्ता भएका ८६६ (आठ सय छैसट्ठी) थान गरी मुद्दाको जम्मा लगत २,२१८ (दुई हजार दुई सय अठार) थान रहेकोमा ७०२ (सात सय दुई) थान मुद्दा अर्थात् ३१.६५ प्रतिशत फछ्र्यौट भई १,५१६ (एक हजार पाँच सय सोह्र) थान मुद्दा बाँकी रहन गएको छ । अघिल्लो आर्थिक वर्षमा २,९८९ (दुई हजार नौं सय उनानब्बे) लगत भएकोमा सोको ५४.७७ प्रतिशत अर्थात् १,६३७ (एक हजार छ सय सैंतीस) मुद्दा फछ्र्यौट भएको थियो ।

## २. फैसला कार्यान्वयनतर्फ

### २.१ कैदतर्फ

यस आर्थिक वर्षमा कैदतर्फ १,४३,३८३।८।२८ (एक लाख त्रिचालीस हजार तीन सय त्रियासी वर्ष आठ महिना अठ्ठाइस दिन) लगत रहेकोमा सोमध्ये ३४,०७९।३।२८ (चौंतीस हजार उनासी वर्ष तीन महिना अठ्ठाइस दिन) अर्थात् २३.७७ प्रतिशत कैद असुल भएको छ । गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा ४.०६ प्रतिशतले बढी कैद असुल भएको छ । अघिल्लो आर्थिक वर्षमा १,४७,५९९।९।१६ (एक लाख सतचालीस हजार पाँच सय उनान्सय वर्ष नौं महिना सोह्र दिन) लगत रहेकोमा सोमध्ये ३९,५८१।१०।६ (उनन्चालीस हजार पाँच सय एकासी वर्ष दश महिना छ दिन) अर्थात् १९.७१ प्रतिशत कैद असुल भएको थियो ।

### २.२ जरिवानातर्फ

यस आर्थिक वर्षमा जरिवाना असुलीतर्फ रू. १७,३२,०८,२८,३८१।८५ (सत्र अर्ब बत्तीस करोड आठ लाख अठ्ठाइस हजार तीन सय एकासी रूपैयाँ पचासी पैसा) लगत रहेकोमा सोमध्ये रू.५,९५,५४,१०,२७५।१८ (पाँच अर्ब पन्चानब्बे करोड चौवन्न लाख दश हजार दुई सय पचहत्तर रूपैयाँ अठार पैसा) अर्थात् ३४.३८, प्रतिशत असुल भएको छ । जुन गत आर्थिक वर्षको तुलनामा ११.४२ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा रू. १५,३९,७२,४६,९२८।०७ (पन्ध्र अर्ब उनन्चालिस करोड बहत्तर लाख छयालीस हजार नौ सय अठ्ठाइस रूपैयाँ सात पैसा) लगत रहेकोमा सोमध्ये रू. ३,५३,४६,०८,५९४।४७ (तीन अर्ब त्रिपन्न करोड छयालीस लाख आठ हजार पाँच सय चौरानब्बे रूपैयाँ सतचालीस पैसा) अर्थात् २२.९६ प्रतिशत असुल भएको थियो ।

### ३. निरीक्षण एवम् अनुगमनतर्फ

यस आर्थिक वर्षमा सर्वोच्च अदालतबाट १३ वटा पुनरावेदन अदालतहरूको निरीक्षण गरिएको छ । पुनरावेदन अदालतहरूबाट ७४ जिल्ला अदालत र जिल्लास्थित अर्धन्यायिक निकायहरूको निरीक्षणको कार्य सम्पन्न भएको छ ।

### ४. नजिर तथा फैसलाहरूको प्रकाशन

नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिनको नियमितरूपमा प्रकाशन गर्नुका अतिरिक्त सर्वोच्च अदालतका महत्त्वपूर्ण फैसलाहरू वेबसाइटमा समेत राख्ने गरिएको छ । विक्रम सम्वत् २०१५ देखि हालसम्म नेपाल कानून पत्रिकामा प्रकाशित सबै निर्णयहरू विभिन्न आधारमा खोज्न मिल्ने गरी सर्वोच्च अदालतको वेबसाइटमा राखिएका छन् ।

### ५. सर्वोच्च अदालत तथा मातहत अदालतका लागि आर्थिक वर्ष २०७२/०७३ मा विनियोजन भएको बजेट र खर्चको विवरण

- विनियोजन – ३ अर्ब ७४ करोड ७० लाख
- निकासा – ३ अर्ब ३६ करोड ३८ लाख
- खर्च – ३ अर्ब ३६ करोड ३८ लाख

### ६. न्यायपालिकाका विद्यमान समस्या र सुझावहरू

#### ६.१ न्यायपालिकाको कार्यवातावरण:

न्यायपालिकाले न्याय सम्पादनको कार्यलाई छिटोछरितो, प्रभावकारी, सहज पहुँचयोग्य र न्यायिक काम कारवाहीलाई पूर्वानुमानयोग्य बनाई न्यायपालिकाप्रतिको आस्था र विश्वासलाई थप प्रभावकारी बनाउन योजनाबद्ध सुधारका प्रक्रियाहरू सञ्चालन गर्दै आएको छ । हालसम्म न्यायपालिकाले दुई वटा पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयन गरिसकेको छ ।तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको क्रममा रहेको छ । प्रतिवेदन वर्ष उल्लिखित योजना कार्यान्वयनको दोस्रो वर्षको रूपमा रहेको छ । हालै तेस्रो रणनीतिक योजनाको मध्यावधि मूल्यांकनको कार्य प्रारम्भ भइसकेको छ।

योजनाले निर्धारण गरेका लक्ष्यहरू प्राप्तिका लागि न्यायपालिकाको आन्तरिक एवम् वाह्य कार्य वातावरण सहज हुन आवश्यक रहन्छ । त्यस्तो कार्य वातावरण निर्माण गर्नमा सरोकारवाला निकायहरू एवम् सम्बन्धित पक्षहरूको सहयोग र समन्वय उत्तिकै आवश्यक हुन्छ । मुद्दाका पक्ष, कानून व्यवसायी, मुद्दाको अनुसन्धान एवम् अभियोजन पक्ष, नेपाल सरकारका विभिन्न निकाय, सञ्चार जगत् एवम् नागरिक समाजलगायतका सम्बन्धित पक्षहरूको सहयोग र

समन्वयबाट मात्र योजनाद्वारा घोषित लक्ष्य र उद्देश्यहरू पूरा हुन सक्दछन् । प्रस्तुत सन्दर्भमा न्यायपालिकाको सहज कार्य वातावरण निर्माणको लागि सबै पक्षले पेसागत मूल्य मान्यता एवम् व्यावसायिक आचार संहिता निष्ठापूर्वक पालना गर्ने आ-आफ्नो जिम्मेवारीप्रति संवेदनशील हुने अपेक्षा गरिएको छ ।

**६.२ नयाँ संवैधानिक व्यवस्थाको प्रभाव:**

नयाँ सवैधानिक व्यवस्थाको प्रभाव न्यायपालिकामा पनि परेको छ । नयाँ संवैधानिक व्यवस्थाबमोजिम आवश्यक कानूनी व्यवस्थासहित उच्च अदालतहरूको स्थापना भइसकेको छ । स्थापना भएका उच्च अदालतहरूको भौतिक पूर्वाधार र स्रोत साधनको व्यवस्थापन गर्नु पर्नेछ। त्यसै गरी जिल्ला अदालतको पुनरावेदकीय क्षेत्राधिकार थप भएबाट सिर्जना गरेको स्रोत साधनको व्यवस्थापन र क्षमता विकास जस्ता कार्यमा सम्बन्धित सरोकारवालाहरूको सहयोग र सहकार्यको अपेक्षा गरिएको छ ।

**६.३ न्यायमा पहुँच:**

महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको लागि न्यायमा पहुँचको सुनिश्चितता गराउने उद्देश्यका साथ सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको गठन भई विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सेवा प्रवाहमा चुस्तता ल्याउन १ घण्टे सेवा, सूचना तथा सहायता कक्षहरूको सञ्चालन, कार्यविधिमा सरलता, टेम्पेलेट सुविधा र स्वेच्छिक कानूनी सेवामा जोड दिइएको छ ।न्यायमा पहुँच आयोगको थप प्रभावकारिताका लागि नीतिगत, कानूनी एवम् स्रोत साधनको व्यवस्थापन राज्यबाट हुने अपेक्षा राखिएको छ।

**६.४ न्यायपालिकाको स्वतन्त्रता, स्वायत्तता र न्यायिक मूल्य मान्यताको जगेर्ना:**

न्यायिक स्वतन्त्रता र स्वायत्तताका सन्दर्भमा संविधान निर्माणको समयदेखि गरिएका प्रयासका बाबजुद न्यायपालिकालाई आर्थिक, भौतिक, जनशक्ति व्यवस्थापन र कार्यविधि निर्धारणमा स्वायत्तता प्राप्त हुन सकेको छैन । समयमा जनशक्ति व्यवस्थापन हुन नसक्नु, सर्वोच्च अदालतबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तयार पारिएका प्रतिवेदन समयमा कार्यान्वयन हुन नसक्नु, अदालतले सुधारका लागि पहिचान गरेका कानूनहरू समयमा निर्माण तथा संशोधन हुन नसक्नु जस्ता कारणले न्यायिक काम कारवाहीमा अपेक्षित प्रभावकारिता ल्याउन सकिएको छैन । तसर्थ कार्यविधि निर्माणलगायत आर्थिक, प्रशासनिक, भौतिक

लगायतका व्यवस्थापकीय पक्षहरूको न्यायपालिका आफैंले व्यवस्थित गर्न पाउने स्वतन्त्र न्यायपालिकासम्बन्धी मान्यतालाई संवैधानिक सुनिश्चितताको अपेक्षा राखिएको छ ।

**६.५ रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन:**

न्यायपालिकामा योजनाबद्ध अभ्यासको सुरूवात गरेपछि न्याय सम्पादनको क्षेत्रमा सकारात्मक प्रगति हासिल भए तापनि योजनाको प्रभावकारी कार्यान्वयनमा राज्यबाट आवश्यक स्रोत साधन उपलब्ध हुन सकेको छैन। अदालतहरूको कार्यबोझ, वस्तुनिष्ठ आधार एवम् मापदण्ड बिना नै बजेट सीमा तोकिदिने गरिएको छ। त्यसरी बजेट सीमा तोक्दा अदालतको योजना कार्यान्वयनमा प्रत्यक्ष प्रभाव परेको विषय पटक पटक उठाउँदा पनि सोमा सुधार हुन सकेको छैन । प्राप्त हुने बजेट पनि आवश्यक शीर्षकमा विनियोजन हुने गरेको छैन । प्राप्त बजेट योजनाले निर्धारण गरेको प्राथमिकताको क्षेत्रमा खर्च गर्ने गरी आन्तरिक रूपमा बजेट शीर्षक परिवर्तन गर्न सक्ने अधिकार अदालतलाई छैन । तसर्थ योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेटलगायतका स्रोत साधनको व्यवस्थापनमा सहयोग र प्राप्त बजेटको परिचालनमा अदालतलाई स्वायत्तता प्राप्त हुने अपेक्षा गरिएको छ ।

**६.६ सुरक्षा प्रबन्ध र आवाश:**

न्यायाधीशहरूको सेवा सर्त र सुविधासम्बन्धी कानूनहरूमा न्यायाधीशको लागि आवास एवम् सुरक्षा प्रबन्धसम्बन्धी व्यवस्थाहरू गरिएको छ । ऐनले दिएको आवाशको सुविधा सबै न्यायाधीशहरूलाई उपलब्ध हुन सकेको छैन । सुरक्षा संवेदनशीलता बढ्दै गएको सन्दर्भमा एकीकृत वा उपयुक्त आवास व्यवस्थापनको लागि पटक पटक अनुरोध गरिएको छ । तर यसप्रतिको संवेदनशीलता अपेक्षित रूपमा बढ्न सकेको छैन । तसर्थ न्यायाधीशको आवास र सुरक्षा प्रबन्धसम्बन्धी समस्याको दिगो समाधानका लागि विशेष कार्ययोजना बनाई कार्यान्वयन गर्नका लागि सम्बन्धित निकायले जिम्मेवारी बोधका साथ काम गर्नेछन् भन्ने अपेक्षा गरिएको छ।

**६.७ कानूनी एवम् कार्यविधिगत सुधार:**

परम्परागत कार्यविधि र कानूनी व्यवस्थाको कारण पनि न्यायिक प्रक्रिया झन्झटिलो र खर्चिलो हुन पुगेको छ । अदालत आफैंले कानून संशोधन गर्न सक्दैन । तर त्यस्ता प्रक्रियागत व्यवस्थाले सिर्जना गर्ने अपजस अदालतले लिई रहनु परेको छ । तसर्थ प्रस्तावित देवानी र

फौजदारी संहिता पारित गर्नेलगायतका कानूनमा समसामयिक सुधारको लागि नेपाल सरकार र व्यवस्थापिका संसदको सक्रियताको अपेक्षा गरिएको छ ।

**६.८ कार्यबोझको अनुपातमा जनशक्ति आपूर्ति:**

सर्वोच्च अदालतलगायत मातहत अदालत र न्यायाधिकरणहरूमा आर्थिक वर्ष २०६३/०६४ मा मुद्दाको जम्मा लगत १,०७,११९ (एक लाख सात हजार एक सय उन्नाईस) भएकोमा आर्थिक वर्ष २०७२/०७३ मा २,०७,३६१ (दुई लाख सात हजार तीन सय एकसठ्ठी) कायम भई करिब दोब्बर पुगेको छ । तर सो अनुपातमा व्यवस्थापकीय तहको जनशक्ति थप हुन सकेको छैन ।सर्वोच्च अदालतबाट तयार भएका संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी प्रतिवेदनहरू कार्यान्वयन हुन सकेका छैनन्। कार्यबोझलाई आधार लिई सुधारका पक्षहरू समावेश गरी तयार भएका त्यस्ता प्रतिवेदनहरूको अविलम्ब स्वीकृति दिई लागू गर्न सम्बन्धित निकायबाट सहयोग हुनेछ भन्ने अपेक्षा लिएको छ ।

**६.९ न्याय सेवाप्रतिको आकर्षण वृद्धि गर्ने:**

विश्वविद्यालयबाट कानून विषयमा प्रवीणता प्रमाण पत्र तहको खारेजी र लोक सेवा आयोगबाट एकीकृत छनोट प्रणालीको सुरूवात गरेपछि न्यायपालिकामा सहायकस्तरको कर्मचारी व्यवस्थापनमा गम्भीर समस्या सिर्जना भएको छ । कानून विषय अध्ययन नगरेको जनशक्ति प्रवेश गर्ने र उसको वृत्तिविकास न्याय सेवामा नहुने भएबाट त्यस्ता जनशक्तिलाई क्षमता विकासलगायतका कार्यक्रमबाट न्यायपालिकामा टिकाईरहन सक्ने अवस्था छैन । त्यसैगरी न्याय सेवाप्रतिको आकर्षण पनि घट्दो अवस्थामा रहेको छ । तसर्थ न्याय सेवाका कर्मचारीहरूको मनोबल उच्च रहने गरी सेवा सुविधा र वृत्ति विकासका अवसरमा विस्तार र कानूनी शिक्षा एवम् न्याय सेवा प्रवेशसम्बन्धी नीतिमा पुनरावलोकनको आवश्यकता रहेको छ ।

**६.१० न्यायाधीश तथा कर्मचारीको क्षमता अभिवृद्धि :**

न्यायाधीश एवम् कर्मचारीहरूको निरन्तर रूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन, स्वदेशी एवम् वैदेशिक अध्ययन, अवलोकन भ्रमण र छात्रवृत्तिलगायतका अवसरहरू सिर्जना गरी क्षमता विकासमा जोड दिन आवश्यक रहेको छ ।

**६.११ अदालतबाट भएका आदेश र फैसला कार्यान्वयन:**

अदालतबाट भएका आदेश वा फैसलाहरूको कार्यान्वयन समयमा हुन नसके न्यायपालिकाप्रतिको आस्था र विश्वास घट्न गई कानूनको शासन कमजोर हुन जान्छ । आदेश वा फैसलाहरूको

कार्यान्वयन अदालतको एक्लो प्रयासले मात्र सम्भव हुँदैन । यसको प्रभावकारिताका लागि राज्यका विभिन्न निकायलगायत सम्बन्धित सरोकारवालाहरूबाट सक्रिय सहयोग र समन्वय हुने अपेक्षा गरिएको छ ।

**६.१२ न्यायपालिका र कानून व्यवसाय:**

न्याय प्रणालीमा कानून व्यवसायीको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । न्यायपालिका जस्तै कानून व्यवसाय पनि स्वतन्त्र, सक्षम, निष्पक्ष, पारदर्शी, पहुँचयोग्य र उत्तरदायी हुनु आवश्यक ठानिन्छ । न्यायपालिकाको स्वतन्त्रतामा कुनै पनि पक्षबाट व्यवधान खडा भएमा यसको स्वतन्त्रता र मर्यादाको संरक्षण गर्ने अहम् जिम्मेवारी कानून व्यवसायीको छाता संगठन बारको हो । यसबाहेक न्याय प्रणालीका सुधार र विकासको एजेन्डा पनि बारले प्राथमिकतामा राख्नुपर्ने अपेक्षा गरिएको हुन्छ । न्यायपालिकाको व्यवस्थापनले न्यायिक सुधारका कामकारवाही बारकै सहभागिता, समन्वय र सहकार्यमा गर्दै आएको भए तापनि यो सहकार्यलाई अझ बढी सकारात्मक, क्रियाशील र घनीभूत बनाउनु पर्ने देखिएको छ ।

**६.१३ मुद्दाका पक्ष वा सरोकारवालाहरूको उत्तरदायित्व:**

न्याय सम्पादन कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउन मुद्दाका पक्ष एवम् सम्बन्धित सरोकारवालाको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । मुद्दाको प्रक्रियामा सहयोग पुऱ्याउनु सम्बन्धित पक्षको दायित्व अन्तर्गतको विषय मानिन्छ । अनावश्यक मुद्दा मामिला गर्नेलाई निरूत्साहित गर्ने उद्देश्यले त्यस्तो खराब नियतले मुद्दा दिएको पुष्टि भएमा मुद्दा जित्ने पक्षको खर्च भराइदिने कानूनी प्रबन्ध गर्न आवश्यक रहेको महसुस गरिएको छ ।

**६.१४ न्यायपालिकाको सूचना प्रविधिसम्बन्धी गुरूयोजनाको कार्यान्वयन:**

न्यायपालिकामा सूचना प्रविधिको प्रयोग भएको एक दशक भइसकेको छ। सूचना प्रविधिको प्रयोगमा न्यायपालिकामा उदाहरणीय कार्य भएका छन् । मुद्दाको पेसी व्यवस्थापन, अनलाइन तारिखको सुविधा, एसएमएसमार्फत मुद्दाको कारवाहीको जानकारी गराउनेलगायतका कार्यहरू कार्यान्वयनमा रहेका छन्। न्यायिक काम कारबाहीलाई पूर्ण स्वचालित बनाउन पूर्वाधार तयार गर्ने लगायतका कार्यहरू गर्नका लागि न्यायपालिकाले तयार गरेको सूचना प्रविधिसम्बन्धी १० वर्षे गुरूयोजना कार्यान्वयनमा नेपाल सरकारलगायत सम्बन्धित निकायको सहयोगको अपेक्षा गरिएको छ।

**६.१५ सम्बन्धित सबै पक्षको सहयोग र समन्वयको आवश्यकता:**

न्यायपालिकाको सुधार प्रयासहरूलाई योजनाबद्ध रूपमा अगाडि बढाउन थालेको एक दशकभन्दा बढी समय व्यतित भइसकेको छ । न्यायपालिकामा सुधारका प्रयासबाट भएका उपलब्धिहरू देखिन थालेका छन्। तथापि सुधार निरन्तर चलिरहने प्रक्रिया हो । न्यायपालिकाको सुधार प्रक्रिया यसको एक्लो प्रयासबाट मात्र सम्भव हुने विषय होइन । सरकार, व्यवस्थापिका संसद्, राजनीतिक दल, बार, सरकारी वकिल, सञ्चार जगत्, नागरिक समाज, आमनागरिकलगायत सबै पक्षको विगतमा जस्तै सहयोग, सहकार्य र समन्वयमा निरन्तरता रहनेछ भन्ने विश्वास लिइएको छ ।

प्रवक्ता
महेन्द्रनाथ उपाध्याय

धन्यवाद !